# रामेछाप नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
## रामेछाप
## बागमती प्रदेश, नेपाल

**करार सेवामा कर्मचारीको आवश्यकता सम्बन्धी सूचना ।**

प्रथम पटक प्रकाशन मितिः २०८२।०७।१६

नेपाल सरकार, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र स्थानीय सरकारको साझेदारीमा सञ्चालित रोजगार प्रबर्द्धन कार्यक्रम (सुरक्षित आप्रवासन कार्यक्रम ) का लागि यस रामेछाप नगरपालिकाको करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०८० (संसोधित) अनुसार देहाय बमोजिम पदका लागि खुला प्रतिस्पर्धाको माध्यमबाट सेवा करारमा जनशक्ति व्यवस्थापन गर्नुपर्ने भएकोले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले देहाय बमोजिमका कागजातहरु सहित यो सूचना प्रकाशित भएको मितिले १५ दिन (दरखास्त दिने अन्तिम दिन २०८२/०७/३० गते सार्वजनिक बिदा परेमा बिदा पश्चात कार्यालय खुलेको पहिलो दिन) भित्र कार्यालय समयमा लोक सेवा आयोगबाट निर्धारित दरखास्त फाराम भरी सक्कलै प्रति यस कार्यालयमा पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

(१) विज्ञापन नं, पद तथा आवश्यक न्यूनतम योग्यता :

| क्र.सं. | विज्ञापन नं. | पद | पद संख्या | योग्यता |
|---|---|---|---|---|
| १. | ०१/०८२/८३ | मनोसामाजिक परामर्शकर्ता (पाँचौ तह) | १(एक) | १ मान्यताप्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स वा मान्यता प्राप्त विश्वविद्यालयबाट पब्लिक हेल्थ/नर्सिङ्ग/ मनोविज्ञान /समाजशास्त्र/ सोसिएल वर्कमा स्नातक तह, स्वास्थ्य शिक्षा विषयमा स्नातक तह उतीर्ण गरेको र पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तीर्ण गरेको ।<br>२ मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालीम प्राप्त गरी राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट प्रमाण-पत्र प्राप्त गरेको र सोही क्षेत्रमा काम गरेको अनुभवी र महिलालाई विशेष प्राथमिकता दिईनेछ ।<br>३ प्रचलित कानून बमोजिम सरकारी सेवाको पदका लागि आवेदन दिन अयोग्य नभएको ।<br>४ कम्प्यूटर सम्बन्धी आधारभूत ज्ञान भएको, **Word, Excel, PowerPoint** मा दिईएको प्रश्नको उत्तर नेपाली वा अंग्रेजी भाषामा उल्लेख गर्न सक्ने ।<br>५ नेपाली र अंग्रेजी दुवै भाषामा बोल्न तथा प्रतिवेदन तयार गर्न सक्ने । |
| २. | ०२/०८२/८३ | रिटर्नी स्वयंसेवक | २ (दुई) | ६ न्यूनतम् कक्षा ८ उत्तिर्ण गरी वैदेशिक रोजगारी (खाडी मुलुक र मलेसिया) मा गई कम्तीमा १ वर्ष काम गरेको अनुभव भएको ।<br>७ सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ।<br>८ प्रचलित कानून बमोजिम सरकारी सेवाको पदका लागि आवेदन दिन अयोग्य नभएको ।<br>९ नेपाली भाषा / स्थानीय भाषा जानेको हुनु पर्ने छ । |

२. **संलग्न गर्नु पर्ने कागजातहरु :-**
(क) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि (ख) शैक्षिक योग्यताका प्रमाणपत्रका प्रतिलिपिहरु (ग) तालिमको प्रमाणपत्रको प्रतिलिपि (घ) तालिम तथा कार्यानुभवको कागजातको प्रतिलिपि। (ङ) राजश्व बुझाएको रसिद ।

३. **उमेर हदः** दुवै पदका लागि २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।

४.**दरखास्त फारम :** यस नगरपालिकाको वेवसाईट www.ramechhap mun.gov.np वाट डाउनलोड गरी वा कार्यालयको राजस्व शाखावाट तोकिएको दस्तुर तिरी प्राप्त गर्न सकिने छ ।

५.**दरखास्त दस्तुर :** मनोसामाजिक परामर्शकर्ता (पाँचौ) पदका लागि रु. ९००/- (नौ सय मात्र) र रिटर्नी स्वयंसेवक पदका लागि रु. ५००/- (पाँच सय मात्र) यस कार्यालयको राजश्व शाखामा नगदै वुझाई वा यस कार्यालयको नाममा राष्ट्रिय वाणिज्य बैंक, रामेछाप शाखाको आन्तरिक राजश्व खाता नं १०२०१००३०१०१०००२ मा रकम जम्मा गरी सक्कलै रसिद पेश गर्नु पर्ने छ।

६. **छनौटको किसिम :** मनोसामाजिक परामर्शकर्ता (पाँचौ) पदको लागि छोटो सूची प्रकाशन, लिखित तथा प्रयोगात्मक र अन्तरवार्ता र रिटर्नी स्वयंसेवक को हकमा छोटो सूची प्रकाशन, लिखित र अन्तरवार्ता हुनेछ ।

७.**परीक्षा मिति :** छोटो सूची (Short list) को सूचना प्रकाशन हुँदा तोकिने छ ।

८.**सेवा तथा सुविधा :** सम्वन्धित पदका लागि चालु आ.ब.मा नेपाल सरकारले निर्धारण गरेको समान तहको आधारभूत तलबमान र अन्य सुविधाको हकमा आपसी समझदारीमा निर्धारण हुनेछ।

९. **करार अवधि :** २०८३ असार मसान्त सम्म । (सेवाको आवश्यकताका आधारमा नियमानुसार करार अवधि थप हुन सक्नेछ।)

१०. **दरखास्त दिने अन्तिम मिति :** २०८२/०७/३० गतेका दिन कार्यालय समय भित्र बुझाउन सकिने छ। आवेदन बुझाउने अन्तिम मितिको दिन सार्वजनिक विदा परेमा विदाको भोलिपल्ट निवेदन बुझाउन सकिने छ ।

प्रमुख प्रशासकीय अधिकृत
भोलाप्रसाद चापागाईं